**हेलम्बु गाउँपालिका**

**स्थानीय राजपत्र**

**खण्ड : ८** **संख्या : ५** **मिति : २०८१/०६/१५**

**भाग : २**

**स्थानीय सरकार**

**हेलम्बु गाउँपालिका**

**हेलम्बु, सिन्धुपाल्चोक**

# आवासीय विद्यालय छात्रावास संचालन तथा व्यवस्थापन कार्यविधि, २०८१

**प्रस्तावना** : नेपालको संविधान २०७२ ले शिक्षा बालबालिकाको मौलिक अधिकारको रुपमा स्थापित गरेको छ । नेपालको संविधान (२०७२)) को धारा ३१(२) ले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक प्रत्याभूत गरेको छ । सबै बालबालिकाले आफ्नै घरपरिवारमा बसेर समुदायमा शिक्षा लिन पाउनु पर्छ । विविध कारणले विद्यालय तहको शिक्षा आर्जन गर्ने क्रममा छात्रावासमा रहने सबै बालबालिकाका लागि गुणस्तरीय शिक्षाको सुनिश्चितता गराउन छात्रावासका बालबालिकाको सुरक्षा, संरक्षण, सहभागिता एवम् विकासलाई दृष्टिगत गरी बालमैत्री वातावरणमा न्यूनतम मापदण्ड तोकी सुव्यवस्थित तरिकाले सञ्चालन गर्न सरकारको कर्तव्य भएता पनि साधन स्रोतको अभावमा उक्त कार्यहरु हुन नसकिरहेको अवस्था छ।

विशेषतः न्यून विद्यार्थी संख्या तथा भौगोलिक विकटताको कारण तह तथा कक्षा घट्न वा विद्यालय बन्द हुन गएको कारण शिक्षा आर्जन गर्न वालवालिका घरवाट टाढा जानुपर्ने वा बीचैमा पढाई छाड्नुपर्ने अवस्था श्रृजना नहोस एवं आर्थिक अभावको कारण गाउँपालिका भित्र बसोबास गर्ने अनाथ, द्वन्दपीडित, एकल महिला वा अपाङ्ग घरमुली भएका परिवारका बालबालिकालाई अनिवार्य तथा निःशुल्क शिक्षाको अवसर उपलब्ध गराई सहयोग पुन्याउने भन्ने उद्देश्यले शिक्षा नियमावली, २०५९ (संशोधन सहित) को नियम १९२ (ङ) र विद्यालय छात्रावास व्यवस्थापन निर्देशिका, २०७१ र हेलम्बु गाउँपालिकाको शिक्षा ऐन २०७७ दफा ६८ को आधारमा हेलम्बु गाउँपालिकाले 'आवासीय विद्यालय छात्रावास संचालन तथा व्यवस्थापन कार्यविधि, २०८१' निर्माण गरि लागू गरेको छ।

## परिच्छेद - १

### १. संक्षिप्त नाम र परिभाषाः

क) यो कार्यविधिको नाम 'आवासीय विद्यालय छात्रावास संचालन तथा व्यवस्थापन कार्यविधि, २०८१' रहेको छ ।

ख) यो बिद्यालय छात्रावास व्यबस्थापन कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुने छ।

ग) यसमा उल्लेख भएका प्रावधानहरू विद्यालय छात्रावास तथा विद्यालयसँग सम्बन्धित सरोकारवाला सबैले यस कार्यविधिमा उल्लिखित प्रावधानहरू पालना गर्नुपर्ने छ ।

**घ) परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

१. 'कार्यविधि' भन्नाले आवासीय विद्यालय छात्रावास संचालन तथा व्यवस्थापन कार्यविधि, २०८१ सम्झनुपर्दछ ।

२. 'विद्यालय' भन्नाले छात्रावास संचालन गर्न स्वीकृत प्राप्त विद्यालय सम्झनुपर्दछ ।

३. 'गाउँपालिका' भन्नाले हेलम्बु गाउँपालिका सिन्धुपाल्चोकलाई सम्झनु पर्दछ ।

४. 'समिति' भन्नाले छात्रावास संचालन गर्ने स्वीकृत प्राप्त विद्यालयको विद्यालय व्यवस्थापन समितिलाई सम्झनुपर्दछ ।

५. 'प्रधानाध्यापक' भन्नाले छात्रावास संचालन गर्ने स्वीकृत प्राप्त विद्यालयको प्रधानाध्यापक सम्झनु पर्दछ ।

६. 'छात्रावास' भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीहरूका लागि परिच्छेद-६ अनुसारका आधारमा प्रदान गरिने, भोजन, शैक्षिक सामग्री, पठनपाठन व्यवस्था, सुरक्षा, संरक्षण तथा मनोरञ्जन, परामर्श लगायतका सेवासहितको आवास सुविधालाई जनाउने छ ।

७. 'छात्रावास व्यवस्थापन समिति' भन्नाले छात्रावास व्यवस्थापन गर्नका लागि गठित यस कार्यविधिको परिच्छेद २.३ बमोजिमको समितिलाई जनाउँछ ।

## परिच्छेद -२

**२.१ छात्रावास सञ्चालन संरचनाः** छात्रावासलाई व्यवस्थित रूपमा सञ्चालन गर्ने हेलम्बु गाउँ शिक्षा समितिले छात्रावास व्यवस्थापन निर्देशक समितिको रुपमा भूमिका खेल्नेछ ।

**२.२ छात्रावास व्यवस्थापन निर्देशक समितिको काम, कर्तव्य र अधिकारः** छात्रावास व्यवस्थापन निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः

(क) छात्रावास सम्बन्धी योजना तर्जुमा र कार्यान्वयन गर्ने गराउने,

(ख) छात्रावास शुल्क निर्धारण गर्ने,

(ग) छात्रावासका लागि तोकिएको मापदण्ड पूरा नगर्ने विद्यालय तथा अन्य छात्रावास सञ्चालन गर्ने सङ्घसंस्थालाई दिएको निर्देशन पालना नगरे त्यस्ता छात्रावासहरूलाई खारेजी गर्ने,

(घ) छात्रावास व्यवस्थापनका लागि सम्बन्धित सरोकारवालाहरूसँग समन्वय तथा सहकार्य गर्ने,

(ङ) विभिन्न शीर्षकका छात्रावास छात्रवृत्ति कार्यक्रममा सहकार्य गर्ने अन्य विभिन्न निकायहरू सरकारी, गैह्रसरकारी तथा निजी सङ्गसंस्थाहरूसँग समन्वय गर्ने ।

(च) सरकारी क्षेत्रबाट सञ्चालित सबै किसिमका छात्रावासहरूलाई आवश्यक शैक्षिक तथा भौतिक स्रोतको व्यवस्थापन गर्ने,

(छ) छात्रावास सञ्चालन गर्ने संस्था तथा कर्मचारीको क्षमता अभिवृद्धि गर्ने गराउने,

(ज) छात्रावास सञ्चालनको अनुगमन मूल्याङ्कन गर्ने गराउने,

(झ) प्रभावकारी छात्रावास व्यवस्थापनको निमित्त अन्य आवश्यक व्यवस्था गर्ने ।

**२.३.** छात्रावासलाई व्यवस्थित रूपमा सञ्चालन गर्न विद्यालय व्यवस्थापन समितिले नै छात्रावास व्यवस्थापन समितिको पनि काम गर्नेछ । सो समितिमा छात्रावासमा काम गर्ने वार्डेन वा स्रोत शिक्षकलाई स्थायी आमन्त्रित सदस्यको रूपमा मनोनयन गर्नुपर्ने छ ।

**समितिको काम, कर्तव्य र अधिकार**

(क) छात्राबास सञ्चालन गर्न आवश्यक पर्ने आर्थिक, भौतिक, शैक्षिक, मनोसामाजिक तथा अतिरिक्त कियाकलापको व्यवस्थापनको लागि स्रोतको व्यवस्थापन गर्ने ।

(ख) तोकिएको मापदण्ड अनुसार छात्रावास सञ्चालनको व्यवस्था मिलाउने ।

(ग) छात्रावासमा बस्ने विद्यार्थीको अभिलेख तथा लेखा चुस्तदुरुस्त राखे तथा छात्रावासको अनुगमन गरी त्यसको प्रगति प्रतिवेदन वार्षिक रुपमा शैक्षिक सवको अन्त्यमा गाउँपालिकामा पेश गर्ने,

(घ) छात्रावासमा प्राप्त भएका आम्दानीहरूवाट आर्थिक कार्यविधि बमोजिम खर्च गरी स्रेस्ता राखे तथा कम्तीमा वर्षको एक पटक लेखापरीक्षण र सामाजिक परीक्षण गराई सोको प्रतिवेदन सम्बन्धित निकाय वा कार्यालयमा पेस गर्ने ।

२.४) विद्यार्थीको लागि छात्रावासले तोकेको गुणस्तरको खाद्यान्न तथा व्यक्तिगत सरसफाइका सामग्रीको व्यवस्थापन गर्ने दायित्व सम्बन्धित अभिभावकको हुनेछ ।

**परिच्छेद-३**

**३.१) छात्राबास सञ्चालन अनुमति सम्बन्धी व्यवस्थाः** सामुदायिक विद्यालयमा छात्रावास सञ्चालनका लागि उपलब्ध स्रोतसाधन र पूर्वाधारका आधारमा आवश्यकता अनुसारका स्थानमा गाउँ शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाले विद्यालयको व्यवस्थापनमा रहने गरी अनुमति प्रदान गर्नेछ ।

३.२ स्रोत व्यवस्थापन (शुल्क, छात्रवृति, अनुदान आदि) सामुदायिक विद्यालयमा छात्रावास सञ्चालनका लागि देहायबमोजिमको रक्कम विद्यालयको छात्रवास कोषमा रहने गरी जम्मा गर्न सकिने छः

(क) नेपाल सरकार (संडीय तथा प्रदेश) बाट प्राप्त अनुदान,

(ख) गाउँपालिकाबाट प्राप्त सहयोग,

(ग) गैरसरकारी सङ्गसंस्थावाट प्राप्त सहयोग,

(घ) समुदाय वा समुदाय भन्दा वाहिरका व्यक्तिवाट प्राप्त दान उपहार र सहयोग,

(ङ) विद्यार्थीहरुबाट लिने नियमित शुल्क ।

३.३ नेपाल सरकारको अनुदानमा छात्रावासमा बस्ने विद्यार्थीहरुबाट कुनै पनि शुल्क लिइने छैन ।

३.४ विद्यालयमा छात्रावास सञ्चालन तथा व्यवस्थापन प्रयोजनका लागि प्राप्त रकमको विद्यालयले छुट्टै स्रेस्ता राख्नुपर्नेछ ।

३.५ प्राप्त भएको आम्दानी स्वीकृत भएको बजेट र नर्म्सका आधारमा आर्थिक कार्यविधि बमोजिम खर्च गरी स्रेस्ता राखिने छ ।

**३.६ छात्रावासको शुल्क तथा अनुदान सम्बन्धी व्यवस्थाः** छात्रावास सञ्चालकले आफूले छात्रछात्राको लागि उपलब्ध गराउने सेवा सुविधा र गाउँ शिक्षा समितिले निर्धारण गरेको शुल्कको सीमामा नबढ्ने गरी शुल्क लिनुपर्नेछ । गाउँपालिकाले गाउँ शिक्षा समितिमा निर्णय गरी छात्रावास सञ्चालन गरेका सामुदायिक विद्यालयहरुलाई प्रति विद्यार्थी लागतका आधारमा हुन आउने रकम सम्बन्धित विद्यालयमा अनुदान रकम निकासा गर्न सक्नेछ । विद्यालयले सोवापतको रकम छात्रावासमा बसेका विद्यार्थीहरुको खाना, खाजा, छात्रावासको भौतिक निर्माण, व्यवस्थापन तथा छात्रावास सम्बन्धित अन्य कार्यका लागि विद्यालय व्यवस्थापन समितिको निर्णयानुसार खर्च गर्न सक्नेछ । तर हेलम्बु बोधिसत्व मोडल विद्यालयका लागि छात्रावासमा बस्ने आर्थिक अवस्था कमजोर भई छात्रावासमा बसे वापतको रकम तिर्न नसक्ने सम्पूर्ण विद्यार्थीहरुको खाना, खाजा र छात्रावास व्यवस्थापनको खर्च गाउँपालिकाले व्यहोर्ने छ । जसका लागि प्रत्येक वर्ष गाउँपालिकाले बजेट विनियोजित गर्नुपर्नेछ । साथै गाउँ शिक्षा समितिको निर्णय अनुसार अनाथ, टुहुरा बालबालिकाहरुलाई कुनै विद्यालयमा निःशुल्क खाना, खाजा सहितको छात्रावासको व्यवस्थापन गर्न सकिनेछ । जसका लागि पनि प्रत्येक वर्ष गाउँपालिकाले बजेट विनियोजित गर्नुपर्नेछ । श्री गोल्मदेवी माध्यमिक विद्यालयमा अध्ययनरत आर्थिक अवस्था कमजोर तथा अनाथ, टुहुरा बालबालिकाहरुलाई खाना, खाजा सहितको छात्रावासको व्यवस्थापन गर्न सकिनेछ ।

**३.६ छात्रावासमा रहने बालबालिकाको छनौट सम्बन्धी मापदण्डः-**

परिच्छद ३.१ बमोजिम अनुमति प्राप्त विद्यालयको व्यवस्थापनमा रहने छात्रावासमा देहाय बमोजिमका मापदण्डका आधारमा छनौट भएका मध्ये कक्षा ३ देखि कक्षा ९ सम्म अध्ययरत गाउँपालिका भित्रका प्रत्येक वडाबाट बढीमा ५ जनाका दरले एक शैक्षिक सत्रमा वढीमा ३५ जना सम्म बालबालिका रहनेछन् ।

क) कक्षा तथा तह घट्न वा विद्यालय बन्द हुन गई विद्यालयको दूरी टाढा भएको कारण शिक्षा आर्जन गर्न वञ्चित हुन सक्ने अवस्थाका बालबालिकाहरु ।

ख) अनाथ, द्वन्द पीडित, अति विपन्न, एकल महिला वा अपाङ्ग घरमुली भएका परिवारका बालबालिकाहरु।

**३.७ बालबालिका छनौट प्रकृयाः-** छात्रावासमा रहेर अध्ययनको लागि परिच्छेद ३.६ को मापदण्ड बमोजिम प्रत्येक वडा कार्यालयनाट शैक्षिक सत्र सुरु भएको ४५ दिन भित्र बढीमा ५ जना बालबालिका छनौट गरी गाउँपालिकामा सिफारिस गरी पठाउनु पर्नेछ। ३.८ परिच्छेद ३.७ बमोजिम सबै वडाले तोकिएको संख्या भन्दा कम संख्यामा

बालबालिका छनौट गरी सिफारिस गरेको खण्डमा सोही शैक्षिक सवको लागि मात्र वढी संख्या रहेका अन्य वडाबाट मापदण्ड बमोजिम सिफारिस भई आएका बालबालिकालाई पनि कार्यपालिकाले आवासीय विद्यालय छात्रावासमा रहेर अध्ययनको लागि छनौट गर्न सक्नेछ।

**परिच्छेद-४**

**४. छात्रावासमा न्यूनतम पूर्वाधारहरूको व्यवस्थाः**

४.१. छात्रावास भवन बालमैवी, लैङ्गिकमैत्री र अपाङ्गतामैवी हुने गरी निर्माण गरिने छ ।

**४.२ छात्रावास भवन रहने स्थान**

(क) विद्यार्थीहरुलाई विद्यालयले छात्रावास भवन स्वस्थ्य, सुरक्षित, होहल्ला नहुने ठाउँ र सरल रुपमा विद्यालय आउजाउ गर्न मिल्ने ठाउँमा व्यवस्था गरिने छ ।

(ख) विद्यालयले छात्रावासको व्यवस्था उपलब्ध स्थान प्राकृतिक विपत्तिवाट न्यून जोखिम भएको तथा हुलदङ्गा, औद्योगिक उत्पादन, रासायनिक र ध्वनी प्रदूषणको जोखिम कम भएको ठाउँमा गरिने छ ।

४.३ छात्रावास परिसरमा सुरक्षाको व्यवस्था सुनिश्चित गर्न सुरक्षित घेरावार, घण्टीको व्यवस्था सहितको मुख्य प्रवेशद्वार, वरिपरि उज्यालोको लागि बत्तीको व्यवस्था गरिने छ ।

**४.४ छात्रावासको भवन**

(क) छात्र र छात्राको लागि छुट्टाछुट्टै भवन निर्माण वा छुट्टाछुट्टै तल्लाको वा छुट्टै कोठाको व्यवस्था गरिने छ।

(ख) भवन तथा शौचालयको ढोकाहरूको साइज कम्तीमा लम्बाइ ६.५ फिट र चौडाइ ३.५ फिट हुनुपर्नेछ। प्रत्येक डोका, झ्याल, र्याक, दराज आदिमा अपाङ्गता भएका लगायत सबै बालबालिकाको सहज पहुँच पुग्ने गरी चुकुलको व्यवस्था गरिने छ ।

(ग) आकस्मिक विपद्को अवस्थामा निकासका लागि संरक्षित भर्याङ, निकासद्वार तथा विपद् पूर्वतयारी औजारहरुको पहुँच सुनिश्चित गर्नुपर्ने छ ।

**४.५ बसाइ व्यवस्थापन**

(क) कोठाभित्र टेबुल, कुर्सी, याक, दराज, विद्यार्थीका लागि छुट्टै एउटा पलङ, डसना, तन्ना, तकीया, मौसम अनुसारका कम्बल वा सिरक र झुलको व्यवस्था गरिएको हुनुपर्नेछ । नियमित रुपमा सिरक तन्ना, तक्रीयाको खोल आदि कपडाहरू अनिवार्य रूपमा सरसफाइ गरिएको हुनुपर्नेछ ।

**४.६ शौचालय**

(क) छात्र र छात्राका लागि अलग शौचालय हुनुपर्दछ । छात्रा शौचालयमा सेनेटरी प्याडको सुरक्षित व्यवस्थापन गर्न आवश्यक व्यवस्था गरिने ९जलाउनको लागि इन्सिनेटर) छ ।

(ख) शौचालयमा आवश्यक पानीको प्रवन्ध तथा नियमित सरसफाइको सामग्री सहित सरसफाइको व्यवस्था गर्नुपर्ने छ ।

**४.७ अन्य भौतिक व्यवस्था**

(क) छात्रावासको भवनको कोठाहरू तथा शौचालयमा अपाङ्गता भएका बालबालिकाको पहुँचका लागि नंयाँ (याम्प निर्माण गर्दा पहुँचको मापदण्ड अनुसार (कम्तिमा १ फिट उचाईका लागि १२ फिट लामो) र हील चेयर छिर्ने गरी ढोकाको (कम्तीमा ३२ ईन्च खुल्ला स्थान) निर्माण गरिने छ ।

(ख) छात्रावस सञ्चालन तथा व्यवस्थापनका लागि भवन निर्माण गर्दा प्रति विद्यार्थी ३० वर्ग फिट क्षेत्रफल पर्ने गरी तथा बौद्धिक अपाङ्गता भएका तथा हील चेयर प्रयोग गर्ने विद्यार्थीका हकमा प्रति विद्यार्थी ३५ वर्ग फिट क्षेवफल पर्ने गरी बसाइ व्यवस्थापन गरिने छ ।

(ग) छात्रावासमा पर्याप्त पानी, सफा र स्वच्छ पिउने पानीको लागि युरोगार्ड वा फिल्टरको व्यवस्था, तथा बालबालिका तथा अपाङ्गतामैत्री धाराको व्यवस्था गरिने छ ।

(घ) छात्रावासमा २० जना विद्यार्थीका लागि कम्तीमा २ ओटा शौचालय (युरिनल समेत भएको) तथा २ ओटा स्नान घरको व्यवस्था गर्ने मापदंण्ड अनुसार र आवश्यकता अनुसार स्नान घर तथा शौचालय छात्र र छात्राका लागि छुट्टै गरिने छ ।

(ङ) भान्सा कोठा सफा सुग्घर तथा स्वास्थ्यमा प्रतिकुल असर नपर्ने गरी कम्तीमा २० जनाको लागि १ ओटा भोजन कक्षको अनुपातमा व्यवस्था गरिने छ । अपाङ्गता भएका बालबालिकाहरूको हकमा अपाङ्गताको प्रकृतिअनुसार ६ देखि १० जना सम्मका लागि १ ओटा भोजनकक्षको व्यवस्था गरिने छ ।

(च) विद्यार्थीका लागि एउटा प्रतिक्षालयरभेटघाट कक्षको व्यवस्था गर्न आवश्यक पहल गरिने छ ।

छ) बढीमा दश जना विद्यार्थीका लागि १ ओटा शयन कक्षको व्यवस्था गर्नुपर्ने छ । छात्रावास परिसरमा वैकल्पिक प्रकाशको व्यवस्था तथा पर्याप्त मात्रामा घरभिव र घरबाहिर खेलिने खेल सामग्री सहितको खेल मैदानको व्यवस्था गरिने छ ।

(ज) छात्रावासका विद्यार्थीहरूका लागि पर्याप्त मात्रामा प्रकाश भएको छुट्टै अध्ययन कक्षको व्यवस्था गरिने छ।

**४.८ छात्रावासमा सन्तुलित खानाको व्यवस्था**

क) छात्रावासले शैक्षिक सत्रको सुरुमा दैनिक न्यूनतम २२२० क्यालोरी पर्ने गरी साप्ताहिक रुपमा खाना र खाजाको तालिका तयार गरी डाइनिङ कक्षमा टाँस गर्नुपर्ने छ ।

ख) बालबालिकको शारीरिक तथा मानसिक विकासका लागि पर्याप्त पौष्टिक खानाको व्यवस्था (कार्वोहाइड्रेट खनिज, भिटामिन र प्रोटिनको मात्रा सहितको सन्तुलित आवश्यक व्यवस्था गरिने छ । यसका लागि मौसम अनुसारको तरकारी तथा फलफूलको व्यवस्था गर्नुपर्ने छ ।

ग) एक दिनमा न्यूनतम चार पटक खानाको व्यवस्था गर्नुपर्ने छ । (बिहानको खाजा, विहानको खाना, दिउँसोको खाजा र बेलुकाको खाना) हप्तामा कम्तीमा एकपटक माछामासु तथा माछामासु नखानेका लागि मौसम अनुसारको फलफूलको व्यवस्था हुनुपर्ने छ ।

घ) छात्रावासमा बाहिर वा अरु कसैको घरमा अन्य कुनै प्रयोजनले पकाएको खाना लैजान नदिने व्यवस्था गर्नुपर्ने छ । विद्यार्थीहरूलाई छात्रावास वाहिर अर्कै प्रयोजनका लागि पकाएको खानेकुरा खुवाउनु हुँदैन ।

ङ) विद्यार्थीहरूलाई स्वास्थ्यको कारणले बाहेक अन्य कारणले खाना निषेध गर्न वा खान कर लगाउनु हुँदैन।

**४.९ छात्रावासका विद्यार्थीहरूको सुरक्षा**

क) विद्यार्थीहरूको सुरक्षा, व्यवस्थापनका लागि अनिवार्य रूपमा वार्डेनर चौकीदार व्यवस्था भएको हुनुपर्ने छ।

ख) विद्यार्थीहरूलाई लामो विदाको समयमा बाबुआमारअभिभावकले लिन नआएमा उनीहरूलाई त्यस अवधिमा त्यहीं बस्न सक्ने व्यवस्था गर्नुपर्ने छ । सकेसम्म लामो अवधिमा घर जान प्रोत्साहन गर्नु पर्नेछ ।

ग) प्राकृतिक प्रकोप तथा मानवीय सङ्गटबाट सिर्जित विपद्बाट बालबालिकाको सुरक्षाका लागि पूर्व तयारीको उचित प्रबन्ध गर्नुपर्ने छ । साथै सुरक्षा सूचना संयन्त्र (आकस्मिक साइरनरवत्ती) को व्यवस्था गर्नुपर्ने छ ।

घ) विद्यार्थीहरूलाई छात्रावासवाट वाहिर लैजान वा भेटघाट गर्न आउने सबै व्यक्तित्वारे अनुसूची २ मा उल्लिखित ढाँचाको आगन्तुक पुस्तिकामा अभिलेख राखु पर्नेछ ।

ङ) छात्रावासमा बस्न आउँदाको समयमा नै विद्यार्थीहरूलाई छात्रावासबाट बाहिर लैजान वा भेटघाट गर्न आउने व्यक्तिको सूची हरेक विद्यार्थीको व्यक्तिगत फाइलमा राख्खुपर्ने छ। बालबालिकालाई छात्रावासबाट बाहिर पठाउँदा विद्यालयमा राखिएको सूची अनुसारका व्यक्तिसँग मात्र पठाउनुपर्ने छ ।

च) छात्रावास व्यवस्थापनले छात्रछात्राहरूलाई छात्रावासबाट घर जाने वार्षिक कार्यतालिका तयार गरी अभिभावकलाई तालिका उपलब्ध गराउनुपर्ने छ ।

छ) छात्रावासमा बाबुआमा वा अभिभावक भेट्न आउँदा तोकिएको तालिकाअनुसार भेटघाट गर्ने व्यवस्था गर्नुपर्ने छ ।

**४.१० बालसंरक्षण**

**४.१०.१ शारीरिक तथा मानसिक भावनात्मक हिंसा तथा दुव्यवहारबाट संरक्षण**

क) विद्यार्थीहरूलाई सबै प्रकारका शारीरिक तथा मानसिक एवम् भावनात्मक हिंसा, शारीरिक सजाय, दुव्यवहार, अपहेलना, सार्वजनिक बेइज्जती, गिज्याउने, होच्याउने तथा मर्यादामा आँच आउने खालका बोली, व्यवहार र कार्य गर्न हुने छैन र त्यसबाट जोगाउन विशेष सतर्कता अपनाउनु पर्नेछ ।

ख) छात्रावास भित्र कुनै पनि प्रकारको हातहतियार लट्टी समेत ९हिंसात्मक कियाकलापमा प्रयोग हुनसक्ने) ल्याउन निषेध गर्नुपर्ने छ ।

**४.१०.२. वालवालिकाविरुद्ध हुने भेदभावबाट संरक्षण**

क) विद्यार्थीहरूलाई उनीहरूको र उनीहरुका अभिभावक वा हेरचाह गर्ने व्यक्तिको धर्म, संस्कृति, भाषा, सम्प्रदाय, जातीयता, लिङ्ग, उमेर, रङ, भौगोलिक क्षेत्र, आर्थिक परिवेश, श्रममा संलग्नता, अपाङ्गता, पेसा, द्वन्द्व प्रभावित, एच.आई.भी.एड्सबाट प्रभावित, राजनीतिक वा अन्य विचारधारा लगायतका कुनै पनि आधारमा भेदभाव नगरिने वातावरण र हुन नदिने निश्चितता गर्नु वार्डेन र छात्रावास व्यवस्थापन समितिको कर्तव्य हुने छ।

ख) विद्यार्थीहरूमा भेदभावपूर्ण अभिव्यक्ति, प्रकाशन, प्रसारण तथा व्यवहार नगरी आपसी सद्भाव र समानता कायम गर्न उत्प्रेरित गर्नुपर्ने छ ।

**४.१०.३ धुम्रपान तथा लागूपदार्थ सेवनबाट संरक्षण तथा त्यसको बेचबिखनमा रोकः**

क) छात्रावासलाई धुम्रपान, मादक पदार्थ तथा लागू पदार्थको सेवन गर्न निषेधित क्षेत्रको रूपमा घोषणा गर्नुपर्ने छ। छात्रावास परिसरको १०० मिटर वरपरको क्षेत्रमा धुम्रपान, मादक पदार्थ तथा लागू फोर्थको बेचविखनमा रोक लगाउनु पर्नेछ । बार्डेन र कर्मचारीहरूले मादक पदार्थ तथा लागू पदार्थ सेवन गरेर छात्रावास भित्र प्रवेश गर्न पाइने छैन, सेवन गरेको प्रमाणित भएमा सेवाबाट वर्खास्त प्रकृया अघि बढाइने छ।

**४.११ आचारसंहिता**

क) छात्रावास वार्डेन, छात्रावास व्यवस्थापन समिति, कर्मचारीहरू तथा विद्यार्थीको लागि उनीहरूकै सहभागितामा छुट्टाछुट्टै आचारसंहिता तयार गरी सबैले देखे गरी टाँस गर्नुपर्ने छ ।

ख) बालसंरक्षण नीति, आचार संहिता, उजुरी तथा सुनुवाइको प्रक्रिया तर्जुमा गरी लागू गर्नुपर्ने छ । वाल संरक्षण सम्बन्धी गुनासो तथा सुनुवाइ गर्न तीन सदस्यीय बाल संरक्षण समिति गठन गर्नुपर्ने छ। सो समितिले बाल संरक्षण नीति तथा आचारसंहिताको पालना गरे नगरेको अनुगमन तथा रिपोर्टिङ गर्नुपर्ने छ उक्त नीतिबारे छात्रावासका सबै बालबालिका, वार्डेन तथा कर्मचारीहरूलाई अभिमुखीकरण गर्नुपर्ने छ ।

ग) विद्यार्थीमाथि छात्रावासका कर्मचारी वा अन्य कसैवाट पनि हुनसक्ने शारीरिक तथा मानसिक दुव्यवहार, हेपाइजन्य व्यवहार र अन्य हिंसालाई शून्य सहनशीलता कायम गर्न आचारसंहिता बनाई लागू गर्नुपर्ने छ ।

घ) विद्यार्थीहरूलाई इन्टरनेट अनलाइनचाट हुनसक्ने दुव्यवहारबाट सुरक्षित रहन सचेत गराउनु पर्ने छ ।

**४.१२ खेलकुद अतिरिक्त क्रियाकलाप र मनोरन्जन**

क) छात्रावासमा दैनिक रूपमा केही समय (विदाको दिन बाहेक) मनोरञ्जनका लागि समय छुटपाउनुपर्ने छ । आवासगृहमा टेलिभिजनको व्यवस्था गरी वेलुका ३० मिनेट टेलिभिजन हेर्ने व्यवस्था गर्नु पर्दछ ।

ख) साथै विद्यार्थीहरूलाई नियमित शारीरिक व्यायाम तथा खेलकुद, साहित्यिक, साङ्गीतिक सिर्जनात्मक अभ्यास गर्न पाउने व्यवस्था समेत गर्नुपर्ने छ ।

ग) उमेर र परिपक्वता अनुरूप विद्यार्थीलाई छात्रावासका सञ्चालन (खाना, स्वास्थ्य, शिक्षा, खेलकुद) लगायतका कुराहरूमा सहभागी गराउनुपर्ने छ ।

**४.१३. स्वास्थ्य र स्वास्थ्योपचारको व्यवस्था**

क) छात्रावासमा प्राथमिक उपचारको व्यवस्था गर्नुपर्ने छ । प्राथमिक उपचार बाकसको व्यवस्था गर्नुपर्नेछ र त्यहाँका कर्मचारीमध्ये कम्तीमा १ जनाले प्राथमिक उपचार सम्बन्धी तालिम प्राप्त गरेको हुनुपर्दछ ।

ख) छात्रावासमा विद्यार्थी विरामी पर्दा आराम कक्षको व्यवस्था गर्नुपर्ने छ । साथै विद्यार्थीहरुलाई सङ्क्रमित रोग लागेमा छुट्टै राखे व्यवस्था गर्नुपर्ने छ ।

ग) कम्तीमा महिनाको एकपटक विद्यार्थीहरूको स्वास्थ्य परीक्षण गर्ने व्यवस्था गर्नुपर्ने छ । यसका लागि नजिकको अस्पताल वा प्राथमिक स्वास्थ्य वा स्वास्थ्य चौकी सँग समन्वय गर्नुपर्ने छ ।

घ) नियमित स्वास्थ्य परीक्षण पश्चात् विशेषज्ञ स्वास्थ सेवा आवश्यकता भएमा उनीहरुका अभिभावकलाई जानकारी गराउनुपर्ने छ । गम्भीर रूपमा विरामी भएमा वा गम्भीर चोटपटक लागेमा परिवारका सदस्य वा वालवालिकाले इच्छाएको व्यक्ति वा संस्थालाई उपलब्ध भएसम्म छिटो साधनद्वारा जानकारी दिनुपर्ने छ ।

ङ) छात्रावासमा दुर्घटना वा आपतकालीन अवस्था आइपरेमा तुरुन्त सूचना दिने सङ्केतको व्यवस्था गर्नुपर्ने छ।

च) प्रत्येक बालबालिकालाई व्यक्तिगत सरसफाइको सुनिश्चतता गर्नुपर्ने छ । जस्तैः टुथ ब्रस, मञ्जन, नेलकटर, साबुन, टावेलको छुट्टाछुट्टै व्यवस्था गर्नुपर्ने छ ।

**४.१४ पुस्तकालय**

क) प्रत्येक छात्रावासमा बाचनालय सहितको पुस्तकालय कक्षको छुट्टै व्यवस्था मिलाइएको हुनुपर्ने छ । कथम कदाचित छुट्टै व्यवस्था हुन नसके यस विद्यालयको पुस्तकालयमा गएर पढन, सुन्न, हेर्न सक्ने व्यवस्था हुनुपर्ने छ ।

ख) पुस्तकालयमा पाटपपुस्तक, मनोरञ्जन सामग्री, सन्दर्भ सामग्री, ऐतिहासिक, धार्मिक, सांस्कृतिक, वैज्ञानिक, भौगोलिक, नैतिक तथा आध्यात्मिक ज्ञान दिने पुस्तकहरू तथा दैनिक, साप्ताहिक, पाक्षिक लगायतका पवपविकाहरू सहित हुनुपर्ने छ । साथै स्थानीय मातृभाषाका पुस्तकहरू पनि आवश्यकता अनुसार राख्नुपर्ने छ।

ग) सूचना प्रविधिमा आधारित सामग्री समेतको व्यवस्था मिलाइएको हुनुपर्ने छ ।

घ) अपाङ्गता भएका विद्यार्थीहरूका लागि अपाङ्गताको प्रकार अनुसारका सामग्रीहरू (जस्तै दृष्टिविहीनका लागि ब्रेललिपि, सुस्त श्रवण भएकाहरूका लागि दृष्य सामग्रीहरू) को व्यवस्था गर्नुपर्ने छ ।

ङ) अतील प्रकृतिका र विचारलाई दुष्प्रभावित पार्ने किसिमका पुस्तकहरू पुस्तकालयमा सङ्कलित गर्न हुने छैन।

**४.१५. सामाजिकीकरणः**

छात्रावासमा वसी अध्ययन गर्ने छात्रछात्राको सामाजिकीकरण गर्न देहायको व्यवस्था छात्रावास व्यवस्थापन समितिले गर्नुपर्ने छ ।

क. विद्यार्थीरूको स्वागत, जन्मोत्सव, विदाइ जस्ता कार्यक्रमहरु उनीहरूकै नेतृत्वमा नियमित रूपमा सञ्चालन गर्ने व्यवस्था मिलाउनुपर्ने छ ।

ख) समुदायमा मनाइने विभिन्न किसिमका धार्मिक, सांस्कृतिक चाडपर्वहरू मनाउने र सहभागी हुने व्यवस्था मिलाउनुपर्ने छ ।

ग। स्थानीय तहमा उपलब्ध प्रतिष्ठित कुनै कार्यमा दक्ष व्यक्तिहरूवाट नैतिक आचरण तथा जीवन उपयोगी सीपसंस्वन्धी प्रवचन तथा अन्तरक्रिया गर्ने व्यवस्था मिलाउनुपर्ने छ ।

घ) स्वावलम्बी बानी विकासका लागि आफ्नो कामको सूचीकरण, समय तालिका निर्माण तथा कामको विभाजन गर्ने र सो अनुसार कार्य गर्न प्रोत्साहन गर्नुपर्ने छ ।

**४.१६. मनोसामाजिक सहयोगः**

छात्रावासमा बसी अध्ययन गर्ने छात्रछात्राको मनोसामाजिक सहयोग गर्न देहायको व्यवस्था विद्यालय व्यवस्थापन समितिले गर्नुपर्ने छः

क) दैनिक बिहान कम्तीमा ३० मिनेट योग, ध्यान, व्यायाम गर्ने व्यवस्था अनिवार्य गर्नुपर्ने छ ।

ख) छात्रात्रास वार्डेन तथा अन्य कर्मचारीलाई बालमनोपरामर्श विशेषज्ञवाट तालिम उपलब्ध गराई विद्यार्थीहरूलाई मनोसामाजिक सहयोग उपलब्ध गर्नुपर्ने छ ।

ग) विद्यार्थीहरूलाई वृत्ति विकास, साथी छनोट, स्व-व्यवस्थापन, तनाव व्यवस्थापन, समय व्यवस्थापन, उचित आहार विहार जस्ता विषयमा विज्ञवाट परामर्श सेवा उपलब्ध गराउने र विद्यार्थीहरूवाट आउने गुनासाहरू सुन्ने र समाधान गर्ने व्यवस्था मिलाउनुपर्ने छ र गम्भिर मनोसामाजिक समस्या देखिएमा विज्ञलाई देखाउने व्यवस्था गर्नु पर्दछ ।

घ) प्रत्येक दिन विद्यार्थीहरूले आ(आफनो दिनभरको क्रियाकलाप, आफूलाई कुनै समस्या भएमा त्यस्ता कुराहरू पालैपालो सङ्क्षिप्त रूपमा अनुभव आदान प्रदान गर्ने गराउनुपर्ने छ ।

ङ) बालबालिकामा आउने उमेरअनुसारको शारीरिक, मानसिक र संवेगात्मक परिवर्तनको बारेमा अग्रीम जानकारी गराई मानसिक तयारी गराउनुपर्ने छ ।

**४.१७. सञ्चार**

क) छात्रावासमा टेलिफोन, रेडियो, कम्प्युटर, इन्टरनेट र विद्युतको व्यवस्था गर्नुपर्ने छ ।

ख) विद्यार्थीहरूलाई सिनेमा वा भिडियो र टेलिभिजन हेर्न र इन्टरनेट प्रयोग गर्न दिँदा उमेर र वैयक्तिक अवस्थाअनुसार उचित संरक्षणको व्यवस्था मिलाउनुपर्ने छ ।

## परिच्छेद - ५

**५) अन्य व्यवस्था**

**५.१. विद्याथीको वैयक्तिक अभिलेख**

क) छात्रावासमा वस्ने सबै विद्यार्थीहरूको वैयक्तिक विवरण अनुसूची-१ बमोजिम अद्यावधिक गरी छात्रावास वार्डेनले राख्नुपर्ने छ ।

**५.२. अनुगमन तथा नियमन**

क) गाउँपालिका शिक्षा शाखा तथा शिक्षा समितिले विद्यालय छात्रावासको अनुगमन कम्तीमा वर्षको दुई पटक गरी सोको प्रतिवेदन गाउँपालिकामा पेश गर्ने छ ।

**५.३. कर्मचारी व्यवस्थापन**

छात्रावासमा अवश्यक्ता अनुसार देहाय बमोजिमका कर्मचारीहरू रहने छन् र उनीहरुको नियुक्ति र जिम्मेवारी सम्बन्धी व्यवस्था अनुसूची-४ बमोजिम हुने छ ।

१) वार्डेन

२) भान्सेरआया ३. स्टोर किपर (सय जनाभन्दा बढी विद्यार्थी भएको अवस्थामा)

४) छात्रावास सहयोगी

५) चौकीदार

६) चालक (सवारी साधनको व्यवस्था भएको छात्रावास, अपाङ्गता भएका विद्यार्थीहरू बस्ने र सवारी साधन भएको छात्रावासको हकमा।

७) हेल्पर (सवारी साधनको व्यवस्था भएको छात्रावास । अपाङ्गता भएका विद्यार्थीहरू वस्ने र सवारी साधन भएको छात्रावासको हकमा)

**५.४ विविधः**

यस कार्यविधिमा नपरेका तर बालवालिका छनौट, विभिन्न प्रकारका सुविधा प्रदान तथा छात्रावास संचालन व्यवस्थापनसँग सम्बन्धी आवश्यक निर्णय संशोधन तथा खारेज गर्नुपरेमा कार्यपालिकाको बैठकवाट गर्न सकिनेछ ।

**५.४.२. दण्ड तथा सजाय सम्बन्धी व्यवस्थाः**

१) यस मापदण्डमा उल्लिखित सर्त उल्लङ्घन हुने गरी छात्रावास सञ्चालन गरे-गराएमा कसुरको मात्रा हेरी अनुगमन समितिले निम्नानुसार कारबाही गर्न सक्नेछ :

क) सचेत गराउने ।

ख) आवश्यक सुधार गरी कार्यान्वयनको लागि निर्देशन दिने ।

ग) खारेज गरी छात्रावास बन्द गर्न निर्देशन दिने ।

२) उपदफा (१) बमोजिम कारबाही गर्दा सम्बन्धित छात्रावास सञ्चालकलाई मनासिव माफीको सफाई पेस गर्ने मौका दिनुपर्नेछ । सञ्चालकले पेस गरेको स्पष्टीकरण समेतलाई मध्यनजर गरी आवश्यक छानबिन गरेपश्चात् मात्र कारबाही गर्नुपर्नेछ ।

३) यस मापदण्डमा जुनसुकै कुरा लेखिएको भए तापनि छात्रावास सञ्चालक वा छात्रावासमा बस्ने छात्रछात्राहरूले प्रचलित संघीय तथा प्रदेश कानून विपरीत हुने गरी कसुर गरे/गराएमा प्रचलित कानुनबमोजिम कारबाही गर्न यस मापदण्डले बाधा पुगेको मानिने छैन ।

## अनुसूची - १

## छात्रावासमा बस्न चाहने विद्यार्थीले विद्यालयमा दिने निवेदन

श्री प्रधानाध्यापकज्यू

...........विद्यालय.............

**विषयः छात्रावासमा आवास उपलब्ध गराइ पाउँ ।**

महोदय, गाउँपालिकाको सहयोगमा यस विद्यालयको मातहत सञ्चालन भएको छात्रावासमा आवास उपलब्ध गराइ पाउँ भनी देहायका मेरो व्यक्तिगत तथा पारिवारिक विवरण समेत भरी यो निवेदन पेश गर्दछु ।

नाम थरः

स्थायी ठेगानाः

जन्ममितिः

बाबुको नाम थरः

फोन नं.

आमाको नाम थरः

फोन नं. (टेलिफोन नं. नभएको अवस्थामा नजिकको सुरक्षा निकाय रहेको स्थान र सम्पर्क नं. टिपोट गर्नुपर्नेछ)

परिवारको सदस्य सङ्ख्याः

दाजु भाइ दिदी बहिनीको सङ्ख्याः

अन्य व्यक्तिको संरक्षणमा रहेको भए संरक्षकको नाम थरः

विद्यार्थीसँगको नाताः

संरक्षकको ठेगानाः

सम्पर्क फोन नं.

कुनै रोग र समस्या भए सोको नामः

अपनाउनु पर्ने सावधानीः

### अभिभावकले मञ्जुरी दिने कबुलियत फाराम

गाउँपालिकाको सहयोगमा विद्यालयले सञ्चालन गरेको छात्रावासमा बस्ने मेरो छोरा छोरीले छात्रावासमा बसेको अवधिभर छात्रावासको नियम पूर्णरुपमा पालन गर्नेछन् । विद्यालय तथा छात्रावास व्यवस्थापन समितिले अभिभावकले गर्नुपर्ने भनी तय गरेका नियम मलाई स्वीकार छ । छात्रावासमा बस्दाको बखत मेरो विद्यार्थीलाई आवश्यक पर्ने खाद्यान्न लगायत व्यक्तिगत सामग्रीहरु उपलब्ध गराउन म मञ्जुर गर्दछु ।

हस्ताक्षरः

अभिभावकको सहीः

मितिः

अभिभावकको नामः

विद्यार्थीसँगको नाताः

## अनुसूची-२

## छात्रावासमा बस्ने विद्यार्थीको वैयक्तिक विवरण

विद्यार्थीको नाम थरः

विद्यार्थीको ठेगानाः

स्थायी ठेगानाः

जन्ममितिः

बाबुको नाम थरः

फोन नं.

आमाको नाम थरः

फोन नं.

बाजेको नाम थरः

फोन नं. (टेलिफोन नं.) नभएको अवस्थामा नजिकको सुरक्षा निकाय रहेको स्थान र सम्पर्क नं. टिपोट गर्नुपर्नेछ)

परिवारको सदस्य सङ्ख्याः

दाजु भाइ दिदिवहिनीको सङ्ख्याः

अन्य व्यक्तिको संरक्षणमा रहेको भए संरक्षकको नाम थरः

विद्यार्थीसँगको नाताः

संरक्षकको ठेगानाः

सम्पर्क फोन नं.

कुनै रोग र समस्या भए सोको नामः

अपनाउनु पर्ने सावधानीः

छात्रावासवाट विद्यार्थीलाई बाहिर लैजान आउने व्यक्तिहरुः

क्र.सं.

नाम, थर

ठेगाना

नाता

फोटो

**अनुसूची-३**

**विद्यार्थीलाई छात्रावास बाहिर पठाउँदा लैजाँदा भर्नुपर्ने अभिलेखरविवरणको ढाँचा**

**विद्यार्थीको नामः**

**विद्यार्थीको ठेगानाः** (यो फाराम छात्रावासमा बसी अध्ययन गर्ने विद्यार्थीलाई आफन्तले निधित समय र प्रयोजनका लागि छात्रावास बाहिर लैजाँदा वार्डेनले भर्नु पर्नेछ । विद्यार्थी लैजाने व्यक्तिलाई वार्डेनले नचिनेको अवस्थामा निजले आफ्नो स्पष्ट परिचय खुल्ने कागजातसँगै लिई नआएको अवस्थामा बार्डेनले बाहिर लैजाने अनुमति दिने छैन । तोकिएको अवधि भित्र फिर्ता नल्याएमा तत्काल सम्पर्क गरी सो को कारण पत्ता लगाई वाडेन मार्फत बालबालिका अध्ययरत विद्यालयको प्रधानाध्यापकलाई जानकारी गराउनुपर्दछ ।)

| क.सं. | मिति | विद्यार्थीको नाम | लैजाने व्यक्तिको नाम | फोन नं. | विद्यार्थीसँगको नाता | लैजानुपर्ने कारण | लैजाने समय | ल्याउने समय | हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |

**अनुसूची-४**

**छात्रावासमा रहने कर्मचारीहरू नियुक्ति र जिम्मेवारी सम्बन्धी व्यवस्था**

**१. वाडेनः**

(क) छात्रावासमा कम्तिमा एस.एल.सि. वा सो त्योभन्दा एक तह माथिको शिक्षा प्राप्त व्यक्ति हुनुपर्ने छ ।

(ख) १८ वर्ष पूरा भएको नेपाली नागरिक हुनुपर्ने छ ।

(ग। छात्रावास व्यवस्थापन तालिम प्राप्त व्यक्तिलाई प्राथमिकता दिनुपर्ने छ ।

(घ) विशेष प्रकारका बालबालिका रहेको छात्रावासको हकमा सम्बन्धित अपाङ्गताको विषयसँग सम्वन्धित तालिम प्राप्टलाई प्राथमिकता दिनुपर्ने छ ।

(ड) वार्डेन नियुक्त गर्दा स्थानीय परिवेश, संस्कृति, भाषा आदिसँग परिचित व्यक्तिहरूलाई ग्राह्यता दिनुपर्ने छ ।

**<u>मुख्य जिम्मेवारी (कार्य)</u>**

(क) छात्रावासमा बसी विद्यार्थीहरूलाई सहजकर्ताको भूमिका निर्वाह गर्ने, परामर्श दिनुपर्ने छ ।

(ख) छात्रावासका विद्यार्थीहरूको रेखदेख गरी जोखिम न्यूनीकरण गर्नुपर्ने छ ।

(ग) वालवालिकाको अभिलेख राख्नुपर्ने छ ।

(घ) अभिभावकसँग समन्वय गर्नुपर्ने छ ।

(ङ) छात्रावास व्यवस्थापन समितिले तोकिदिएका अन्य कामहरू गर्ने गराउनुपर्ने छ ।

(च) खाद्यपदार्थको गुणस्तर परीक्षण गराउन सहजीकरण गर्नुपर्ने छ ।

(छ) अनुशासन कायम गर्ने, आचारसंहिता पालना गर्ने, गराउनुपर्ने छ ।

(ज) बालवालिकाको अध्ययन सम्बन्धमा समन्वयात्मक भूमिका निर्वाह गर्नुपर्ने छ ।

**२. भान्से र आयाः**

(क) कम्तीमा आधारभूत तहको शिक्षा प्राप्त गरेको हुनुपर्ने छ ।

(ख) १८ वर्ष पूरा भएको नेपाली नागरिक हुनुपर्ने छ ।

(ग) विशेष प्रकारका बालबालिका रहेको छात्रावासको हकमा सम्वन्धित अपाङ्गताको विषयसँग सम्वन्धित तालिम प्राप्तलाई प्राथमिकता दिन सकिने छ ।

**<u>मुख्य जिम्मेवारी (कार्य)</u>**

(क) छात्रावासमा बसेका विद्यार्थीहरूलाई तोकिए बमोजिमको भोजन तयार गरी खुवाउने व्यवस्था मिलाउनुपर्ने छ ।

(ख) छात्रावासमा बसी विद्यार्थीहरूलाई परेका मर्का बुझी छात्रावासका वार्डेनलाई बताउनुपर्ने छ ।

(ग) छात्रावासमा तयार गरिएको खानाको सूची अनुसार एक दिन अगावै माग गर्नुपर्ने छ ।

(घ) खाद्य पदार्थ वा सामग्रीहरूमा सिकायत भएका वार्डेन वा छात्रावास व्यवस्थापनसँग सूचना जानकारी दिनुपर्ने छ ।

(ड) लुगा धुने र सरसफाइको व्यवस्था मिलाउनुपर्ने छ ।

**३. स्टोर किपर (सय जनाभन्दा वढी विद्यार्थी भएको अवस्थामा)**

(क) मान्यता प्राप्त शिक्षणसंस्थावाट न्यूनतम एस.एल.सि. तह वा सो सरह उत्तीर्ण भएको हुनुपर्ने छ । (ख) १८ वर्ष पूरा भएको नेपाली नागरिक हुनुपर्ने छ ।

(ग) विशेष प्रकारका बालबालिका रहेको छात्रावासको हकमा सम्वन्धित अपाङ्गताको विषयसँग सम्वन्धित तालिम प्राप्तलाई प्राथमिकता दिनुपर्ने छ ।

**<u>मुख्य जिम्मेवारी (कार्य)</u>**

(क) आया अथवा भान्सेले माग गरेअनुसार सन्तुलित खाद्य सामग्रीको खरिद गर्ने र व्यवस्थापन गर्नुपर्नेछ ।

(ख) भान्सामा आवश्यक सामानहरूको व्यवस्था गर्नुपर्ने छ ।

(ग) प्रत्येक महिना आवश्यक सामाग्रीहरूको सूची तयार गरी वार्डेन मार्फत् सञ्चालक समितिमा पेस गर्ने र आवश्यकताअनुसार वैकल्पिक व्यवस्था गर्नुपर्ने छ ।

**<u>४) छात्रावास सहयोगीः</u>**

(क) आधारभूत तहको शिक्षा प्राप्त गरेको हुनुपर्ने छ ।

(ख) १८ वर्ष पूरा भएको नेपाली नागरिक हुनुपर्ने छ ।

(ग) विशेष प्रकारका बालबालिका रहेको छात्रावासको हकमा सम्बन्धित अपाङ्गताको विषयसँग सम्बन्धित तालिम प्राप्तलाई समेत प्राथमिकता दिन सकिने छ ।

**<u>मुख्य जिम्मेवारी (कार्य)</u>**

क) छात्रावासमा बसी त्यहाँको दैनिक सरसफाइ तथा भान्साको सरसफाइ सम्वन्धी कार्य गर्नुपर्ने छ ।

ख) छात्रावासको व्यवस्थापन समिति वार्डेन तथा स्टोर किपरले लगाएका अन्य कामहरू गर्नुपर्ने छ ।

ग) आवश्यक परेमा आयालाई उनको काममा सहयोग गर्नुपर्ने छ ।

घ) आवतजावतमा अप्ठयारो परेका विद्यार्थीहरूलाई खाना खान तथा विद्यालयमा आउन जानको लागि आवश्यक काम गर्नुपर्ने छ ।

ङ) विद्यालयसहित छात्रावास भएको अवस्थामा विद्यालयको काम पनि गर्नुपर्ने छ ।

**५. चौकीदारः**

क) आधारभूत तहको शिक्षा प्राप्त गरेको हुनुपर्ने छ ।

ख) १८ वर्ष पूरा भएको नेपाली नागरिक हुनुपर्ने छ ।

ग) विशेष प्रकारका बालबालिका रहेको छात्रावासको हकमा सम्बन्धित अपाङ्गताको विषयसँग सम्बन्धित तालिम प्राप्तलाई प्राथमिकता दिन सकिने छ।

**<u>मुख्य जिम्मेवारी (कार्य)</u>**

(क) २४ घण्टा छात्रावासको सुरक्षाको जिम्मेवारी लिनुपर्ने छ ।

(ख) खतराको महसुस भएमा वार्डेनलाई सूचना गर्नुपर्ने छ ।

(ग) विद्यार्थीहरूको आवतजावतको रेकर्ड राखुपर्ने छ ।

(घ) छात्रावासमा आउने जाने व्यक्तिहरूको रेकर्ड राखुपर्ने छ ।

६. चालका सवारी साधनको व्यवस्था भएको छात्रावास, अपाङ्गता भएका विद्यार्थीहरू बस्ने र सवारी साधन भएको छात्रावासको हकमा।

७. हेल्पर (सवारी साधनको व्यवस्था भएको छात्रावास, अपाङ्गता भएका विद्यार्थीहरू बस्ने र सवारी साधन भएको छात्रावासको हकमा)

**आज्ञाले**
**राजुभाइ श्रेष्ठ**
**प्रमुख प्रशासकीय अधिकृत**